## नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

### मिति २०६४/९/२७ गते शुक्रवार देखि २०६४/१०/३ गते विहीवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ५८ कम्पनीहरुको कारोबार भएको छ । जस अनुसार २०९१ कारोवारबाट ३१ करोड ६० लाख १९ हजार १२ रुपैयाँ बराबरका ४ लाख ६८ हजार ६ सय ९२ कित्ता शेयरहरु खरीदविक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ७७.६२ प्रतिशतले ह्रास आएको हो । गत साता ३५६० शेयर कारोवारबाट १ अरव ४१ करोड २६ लाख १४ हजार रुपैयाँ बराबरका ६ लाख ८३ हजार १ सय ४१ कित्ता शेयरहरु खरिदविक्री भएका थिए ।

कुल कारोवारमध्ये 'क' बर्गका कम्पनीहरुको मात्र १३ करोड ९७ लाख रुपैयाँ बराबरको कारोवार भएको छ । यो कुल कारोबारको ४४.२२ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ७०.६९ अंकले ह्रास भई अन्तिम दिन ९०५.३८ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य वैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास वैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ९७४.९५ | ३५७.२८ | ४२२.५१ | ८१८.१२ | १५१५.५७ | १६५.२० | ९२९.४७ | ११०९.५३ | १६६९.८० | ९७६.०७ | २५३.७३ |
| दोस्रो | ९५१.२६ | ३५७.२८ | ४२०.९७ | ८१८.१२ | १५१५.५७ | १६५.२० | ९१५.१२ | ११०२.८९ | १६६३.०० | ९५८.९१ | २४८.७७ |
| तेस्रो | ९१६.६० | ३५७.२८ | ४१५.१० | ८१८.१२ | १४८७.४५ | १६५.२० | ८८७.२८ | ११०३.३७ | १६३०.३५ | ९३१.४३ | २४१.६८ |
| चौथो | ८८७.५६ | ३५७.२८ | ४१३.५६ | ८१८.१२ | १४१६.४८ | १६५.२० | ८७२.८२ | ११०५.५७ | १५८६.०२ | ९०५.३६ | २३४.७२ |
| परिवर्तन (अंकमा) | -८७.३९ | ०.०० | -८.९५ | ०.०० | -९९.०९ | ०.०० | -५६.६५ | -३.९६ | -८३.७३ | -७०.६९ | -१९.०१ |

'क' वर्गका कम्पनीहरुको कारोवार मापन गर्ने सेन्सेटिभ इन्डेक्स १९.०१ अंकले ह्रास भई २३४.७२ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (११ करोड ४८ लाख रुपैयाँ) तथा शेयर संख्या (२ लाख ८३ हजार ७ यस कित्ता) को आधारमा नेशनल हाइड्रो पावर कम्पनी अग्रस्थानमा रहेका छन । कारोवार संख्या (३७४) को आधारमा गोर्खा विकास वैंक (नेपाल) अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोवार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोवार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | नेशनल हाइड्रो पावर कम्पनी | ११४.८४ |
| २ | नेपाल एसविआई बैंक | २०.९३ |
| ३ | माच्छापुछ्रे वैंक | १९.६३ |
| ४ | नेपाल वंगलादेश वैंक | १८.४९ |
| ५ | स्ट्याण्डर्ड चार्टर्ड वैंक | १७.३२ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ४ दिन खुला रह्यो । यस साता पनि सरकारी तथा संस्थागत ऋणपत्र तर्फ कुनै पनि कारोवार भएन ।